छबिसपाथिभेरा गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ब्याँसी, बझाङ

सूदुरपश्चिम प्रदेश, नेपाल

प.सं: २०८१/८२

चलानी नं. :- ६ मिति:-२०८१।०४।०१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्ने सम्बन्धी अत्यन्तै जरुरी सुचना ॥

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ उपनियम १ तथा सामाजिक सुरक्षा कार्यविधि २०७७, को दफा ४ अनुसार प्रत्येक आर्थिक बर्षको श्रावण १ देखि भाद्र मसान्त भित्र सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई परिचयपत्र नविकरण गर्नु पर्ने व्यवस्था बमोजिम यस गाँउपालीकाको ७ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयहरुमा उपस्थित भई तोकीएको ढाँचामा निवेदन दिइ मिति २०८१ श्रावण १ गते देखि भाद्र मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउन हुन सुचीत गरिन्छ ।

| क्रस | सामाजिक सुरक्षाको किसिम | आवश्यता कागजातहरु |
|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य/जेष्ठ नागरिक दलित | ➢ सक्कल नागरिकता, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको २ प्रती फोटो,राष्ट्रिय परिचयपत्र नम्बर र प्रतिलिपि, सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि, बैङ्क खाता नम्बर । |
| २ | बालबालिकाको हकमा | ➢ जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, परिचय पत्रको प्रतिलिपी र संरक्षकको नागरिकता प्रमाणपत्र प्रतिलिपी, हालसालै खिचेको २ प्रती फोटो,सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि । |
| ३ | अपाङ्गता क वर्ग र ख वर्ग व्यक्तिको हकमा | ➢ सक्कल नागरिकता, नाबालिक भएमा जन्मदर्ता प्रमाणपत्र प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, गाउँपालीकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि, राष्ट्रिय परिचयपत्र नम्बर र प्रतिलिपि, हालसालै खिचेको २ प्रती फोटे, सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि । |
| ४ | ६० बर्ष मुनीका असहाय एकल महिलाको हकमा | ➢ सक्कल नागरिकता, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, पतिको मुत्यु दर्ता प्रमाणपत्र, परिचयपत्रका प्रतिलिपि, अर्को विवाह नगरेको वडाको सिफारिस पत्र, राष्ट्रिय परिचयपत्र नम्बर र प्रतिलिपि, हालसालै खिचेको २ प्रती फोटो, सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि । |
| ५ | ६० वर्ष माथिका जेष्ठ एकल महिलाको हकमा | ➢ सक्कल नागरिकता, पतिको मुत्यु दर्ताको प्रमाणपत्र प्रतिलिपि, नागरिकताको प्रतिलिपि, हालसालै खिचेको २ प्रती फोटो राष्ट्रिय परिचयपत्र नम्बर र प्रतिलिपि, सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि । |
| ६ | सम्बन्धविच्छेद गरि अर्को विवाह नगरेकी ६० वर्ष मुनीको हकमा | ➢ सक्कल नागरिकता, सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको वडाको सिफारिस,राष्ट्रिय परिचयपत्र नम्बर र प्रतिलिपि, हालसालै खिचेको २ प्रती फोटो, सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि । |
| ७ | न्यायिक पृथकीकरण गरि बसेका ६० वर्ष माथिका महिलाको हकमा | ➢ न्यायिक पृथ्वीकरण भएको प्रमाणपत्र,राष्ट्रिय परिचयपत्र नम्बर र प्रतिलिपि, हालसालै खिचेको २ प्रती फोटा, सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि । |

नोट : नवीकरण नगराएकाहरुको सामाजिक सुरक्षा भत्ताको लगत बाट नाम कट्टी भई जाने र पुन:निवेदन दिएमा निवेदन दिएको दोस्रो महिना देखि लगत कायम भई भत्ता प्राप्त गर्ने कानुनी व्यवस्था समेत रहेको जानकारी गराईन्छ ।

बोधार्थ

श्री सबै वडा कार्यालय, छविस पाथिभेरा गाउँपालीका ब्यासी बझाङ्ग

..............................

गगन बहादुर ऐडी

नि. प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी

नि.प्रमुख प्रशासकीय अधिकृत

Email: info.chhabispathivera019@gmail.com Website: www.chhabispathivera...